शैलीय उपकरणका रूपमा उत्तरगर्भ प्रश्न : सन्दर्भमा 'परालको आगो' कथा

● सिबेन शर्मा

सार – प्रस्तुत लेखमा उत्तरगर्भ प्रश्नलाई एउटा शैलीय उपकरणका रूपमा चिनाउँदै कथाकार गुरुप्रसाद मैनालीकृत 'परालको आगो' कथामा प्रयुक्त उत्तरगर्भ प्रश्नका सूचीसहित तिनको विश्लेषण गरिएको छ। कथाका अर्थमा गम्भीरता ल्याउन र कलात्मक उत्कर्ष दिन तिनले कसरी सहयोग पुऱ्याएका छन् भन्ने कुरामाथि प्रकाश पारिएको छ। अध्ययनका निम्ति घनश्याम नेपालको **शैलीविज्ञान** तथा भोलानाथ तिवारीको **व्यावहारिक शैलीविज्ञान**मा प्रतिपादित विवेचनालाई सैद्धान्तिक आधारका रूपमा ग्रहण गरिएको छ।

बीज शब्द – उत्तरगर्भ प्रश्न, इतिवृत्त समय, पूर्वप्रसङ्ग, शैलीय उपकरण, नेपाली, कथा।

१. प्रवेश

कथाले भाषाका माध्यमद्वारा आकार प्राप्त गर्छ। भाषाकै कारण यो इन्द्रियग्राह्य बन्छ। त्यसैले कथाको संसार एक प्रकारले भाषिक संसार हो। कुनै एउटा विशेष विचार अथवा थुप्रै बहुपत्रीय विचारबाट प्रेरित भएर नै कथाकारले कथाको निर्माण गरेको हुन्छ। कथाभित्र अर्थका अनेकौँ सम्भावनाहरू भाषिक तथा भाषेतर तत्त्वहरूमा कूटबद्ध गरिएको हुन्छ। कथाभित्रका ती अर्थहरूलाई सम्प्रेषित तुल्याउन कथाकारले थुप्रै जुक्तिहरूको प्रयोग गर्दछन्। ती जुक्तिहरू नै कथाकारले भाषामा रहेका विकल्पहरूबाट

चयन गरेका शैलीय उपकरणहरू हुन्। भाषिक तत्त्वहरूबाट निर्मित पात्र, कथानक, समानान्तरता, विपर्यास, उत्तगर्भ प्रश्न, उखान आदि साहित्यशास्त्रीय घटकहरू कथाका महत्त्वपूर्ण शैलीय उपकरणहरू हुन्। कथाको कथ्य प्रतिपादन र कलात्मक उत्कर्षमा यी शैलीय उपकरणहरूको ठुलो योगदान रहेको हुन्छ। विशेष गरेर अर्थमा गम्भीरता ल्याउन, भनाइलाई प्रभावकारी बनाउन र कथामा कलात्मक सौन्दर्य सृष्टि गर्न प्रयोग गरिने थुप्रै शैलीय उपकरणमध्ये उत्तरगर्भ प्रश्न पनि एउटा हो। **परालको आगो** कथामा उखान, समानान्तरता, निर्देश तथा सन्दर्भ, उत्तरगर्भ प्रश्न जस्ता शैलीय उपकरणहरूको प्रयोग गरिएको पाइन्छ। तीमध्ये 'परालको आगो' कथामा पाइने उत्तरगर्भ प्रश्नको अध्ययन विश्लेषण यहाँ प्रस्तुत गरिएको छ।

२. उत्तरगर्भ प्रश्न

उत्तरको अपेक्षा नराखी गरिएको प्रश्नसूचक वाक्यलाई उत्तरगर्भ प्रश्न भनिन्छ। यो गद्यकृतिमा उत्कर्ष ल्याउने एउटा महत्त्वपूर्ण साहित्यशास्त्रीय घटक हो। विशेषतः आख्यानमा कथ्यलाई प्रभावकारी तुल्याउन, भनाइलाई विशेष जोड दिन तथा कलात्मक सौन्दर्य उत्पन्न गर्न उत्तरगर्भ प्रश्नको प्रयोग गरिएको हुन्छ। प्रश्नभित्र नै उत्तरलाई कूटबद्ध गर्ने प्रक्रियाबाट उत्तरगर्भ प्रश्नको जन्म हुन्छ। घनश्याम नेपालले ''वाक्यमा प्रश्न सोधे झैँ गरिए तापनि उत्तरको अपेक्षा नराखिएको वा प्रश्न स्वयम्भित्रै त्यसको अपेक्षित उत्तर पनि अदृश्य रूपमा अन्तर्निहित रहेको भए त्यसलाई उत्तरगर्भ प्रश्न वा प्रश्नालङ्कार भनिन्छ''[१] भनी उत्तरगर्भ प्रश्नलाई परिभाषित गरेका छन्। उनको उक्त परिभाषाका आधारमा उत्तरगर्भ प्रश्न त्यस्ता प्रश्नसूचक वाक्य हुन् जसभित्र विविध अर्थ उत्तरका रूपमा लुकेर बसेको हुन्छ भन्ने स्पष्ट हुन्छ। यसले कथ्यलाई आलङ्कारिक प्रभावसँग सम्प्रेषित गर्छ। त्यसैले कथा प्रस्तुतिका क्रममा यो एउटा महत्त्वपूर्ण शैलीय उपकरणका रूपमा देखापर्छ। कथामा प्रश्नका रूपमा वाक्यको प्रयोग गरेर त्यसबाट विविध अर्थहरू जस्तै विपरीतार्थकता, सन्देह, चमत्कार, निषेध आदिलाई बुझाउँदा उत्तरगर्भ प्रश्नको प्रयोग भएको हुन्छ। अतः कृतिको शैली विश्लेषण गर्दा उत्तरगर्भ प्रश्न पनि एउटा चासोलाग्दो शैलीय उपकरण रहेको देखिन्छ।

३. 'परालको आगो' कथामा उत्तरगर्भ प्रश्न

गुरुप्रसाद मैनालीद्वारा रचित 'परालको आगो' कथा विषयवस्तुसँगै शैली पक्षका दृष्टिले पनि विशेष महत्त्वको देखिन्छ। यो कथा मैनालीको एउटा विशिष्ट कथा बन्नमा यसभित्र प्रयुक्त शैलीय घटकहरूको महत्त्वपूर्ण भूमिका देखिन्छ। वास्तवमा कुनै पनि कृति प्रस्तुतिकै सन्दर्भमा कलात्मक महत्त्वको देखिने

१. घनश्याम नेपाल, सन् २००९, **शैली विज्ञान**, दोस्रो संस्करण, सिलगडी, एकता बुक हाउस प्रा लि, पृ १५०

वा नदेखिने हुँदछन्।

'लोग्ने स्वास्नीको झगडा परालको आगो जस्तै क्षणिक हुन्छ' भन्ने केन्द्रीय विचारलाई प्रतिपादन गर्ने क्रममै प्रस्तुत कथा सिर्जिएको प्रतीत हुन्छ। यसो गर्ने उपक्रममा कथामा थुप्रै शैलीय उपकरणहरूको प्रयोग गरिएको छ। तीमध्ये एउटा उत्तरगर्भ प्रश्न पनि हो। कथाभित्र संवाद शृङ्खला मिलाउनमा पनि यो विशेष सहायक हुने देखिन्छ। उत्तरगर्भ प्रश्नको प्रयोगले 'परालको आगो' कथाको प्रस्तुति पक्ष दरिलो भएको देखिन्छ। घनश्याम नेपालले उल्लेख गरेका भोलानाथ तिवारीको ''प्राचीन शास्त्रीय ग्रन्थहरूमा प्रश्नहरूको प्रयोगद्वारा पाठमा संवादको शृङ्खला बसाएको पाइन्छ'' भन्ने कथन र उनकै ''गद्यलाई कलात्मक उत्कर्ष र अर्थगत गाम्भीर्य प्रदान गर्नका निम्ति यो एउटा अत्यन्त उपयोगी साधन हो''[२] भन्ने कथनलाई आधार गर्दै 'परालको आगो' कथामा कस्ता कस्ता उत्तरगर्भ प्रश्न प्रयोग गरिएका छन् र तिनले संवाद शृङ्खला मिलाउन कसरी सहायता गरेको छ? तथा कथाको अर्थ सम्प्रेषण र कलात्मक उत्कर्षमा तिनले कस्तो भूमिका खेलेको छ? भन्ने कुरामाथि यहाँ प्रकाश पारिनेछ।

'परालको आगो' कथामा प्रयोग गरिएका उत्तरगर्भ प्रश्नहरूको सूची यसप्रकार छ[३]

क. 'परचक्रीलाई कुट्न सक्ने पो सक्ने, आफ्ना स्वास्नी किलामा बाँधेको वस्तुलाई कुट्ने, के कुटने?'

ख. 'मोरा हो यहाँ के को रमिता छ र हेर्न आएका?'

ग. 'के गर्नु भाउजु? राँडलाई माइततिर गाडिहालेँ, आफूले नबोकेर कसले बोकिदिन्छ?'

घ. 'कुट्न थालेपछि आँखा नदेख्ने, विचरी नभागेर के गरोस्?'

ङ. 'आफ्ना मुखले, छुराजस्तो मुख छ, अनि नकुटेर के गर्नु?'

च. 'चूप लाग पोर दसैंमा जुठे दाइले एकचोटि तिमीलाई कसरी कुटेथे, खोइ त एक वचन फर्कायौ?'

छ. 'हो त नि, के कुटेर मुखाले भएकी भन्छ्यौ त?'

ज. 'कति दिन पानी पँधेरो गरेर बस्ने?'

झ. 'हरे! त्यो दिन बिचरी गौंथलीलाई किन कुटेँ हुला?'

ञ. 'डोको नाम्लो लिएर कता नि?'

ट. 'भैँसीलाई घाँस कसले काटिदिन्छ र जोगिनी हुन्छेस्?'

उपर्युक्त उत्तरगर्भ प्रश्नहरूको विश्लेषण यहाँ गरिन्छ –

---

२. घनश्याम नेपाल, सन् २००९, **शैलीविज्ञान**, दोस्रो संस्करण, सिलगडी, एकता बुक हाउस प्रा लि , पृ १५०

३. सूर्यविक्रम ज्ञवाली (सम्पा), सन् २०००, **कथा–कुसुम**, अठारौँ संस्करण, नेपाली साहित्य सम्मेलन, दार्जिलिङ, पृ ४९–५६

क. 'परचक्रीलाई कुट्न सक्ने पो सक्ने, आफ्ना स्वास्नी किलामा बाँधेको वस्तुलाई कुट्ने, के कुटने?'

यस प्रश्नसूचक वाक्य कथामा कोकलेकी आमाले चामेलाई सोधेकी हो। यो एउटा उत्तरगर्भ प्रश्न हो किनभने यहाँ कोकलेकी आमाले चामेबाट उत्तरको अपेक्षा गरेकी छैन। यस प्रश्नको प्रयोग गरेर यहाँ आफ्नी स्वास्नी तथा किलामा बाँधेको भैँसी वा कुनै वस्तुलाई कुट्ने व्यक्ति शक्तिशाली वा बलवान् हुँदैन तर जसले पराई मान्छे वा परचक्रीलाई कुट्न सक्छ ऊ चाहिँ बलवान् हुन्छ भन्ने मुख्यार्थ बुझाएको छ। यसै मुख्यार्थबाट घरकी स्वास्नी, वस्तु आदिलाई कुट्नु हुँदैन, असहाय व्यक्तिलाई कुटेर आफूलाई शक्तिशाली ठान्नु हुँदैन भन्ने व्यङ्ग्य अर्थ पनि बुझाएको छ। यस प्रश्नको प्रयोग गरेर कथामा चामेबाट उत्तरको आशा नै गरिएको छैन र यसै प्रश्नभित्र माथि उल्लेखित उत्तर पनि लुकेर बसेको हुनाले यो एउटा उत्तरगर्भ प्रश्न हो। यसको प्रयोगले कथामा चामेका चरित्रको उद्घाटन पनि भएको छ। साथै यसको प्रयोगले अर्थमा गम्भीरता पनि आएको छ। उत्तरगर्भ प्रश्नको प्रयोग गरेर कोकलेकी आमाले चामेलाई व्यङ्ग्य गरेकी हुनाले यो एउटा व्यङ्ग्यमूलक उत्तरगर्भ प्रश्न हो जसको प्रयोगले कथामा अर्थगाम्भीर्य उत्पन्न भएको छ।

ख. 'मोरा हो यहाँ केको रमिता छ र हेर्न आएका?'

प्रस्तुत वाक्य कथामा चामेले गाउँका केटाकेटीहरूलाई भनेको हो। चामेले गौँथलीलाई कुटेपछि ती दुईमाझ बाझाबाझ भइरहेको बेला गाँउका केटाकेटीहरू उनीहरूको झगडा हेर्न आएका हुन्छन्। त्यसैले उनीहरूलाई खेदाउँदा चामेले उपर्युक्त वाक्यको प्रयोग गरेको हो। यस प्रश्नवाक्यले केटाकेटीहरूलाई त्यहाँबाट जाने निर्देश दिएको छ। चामेले बोलेको यस वाक्यमा 'त्यहाँ कुनै रमिता नभएकाले केटाकेटीहरू घर जाओ, नत्र कुट्छु' भन्ने अर्थ लुकेको छ। यसरी यस प्रश्नवाक्यमा केटाकेटीहरूलाई प्रश्न सोधे झैँ गरी 'केटाकेटीहरू घर जाओ नत्र कुट्छु' भन्ने अर्थ कूटबद्ध गरिएको छ। त्यसैले आफैभित्र उत्तर निहित रहेको यो एउटा उत्तरगर्भ प्रश्न हो। यस उत्तरगर्भ प्रश्नले कथाको परिवेशलाई पनि खुलाएको छ। केटाकेटीहरूलाई भगाउने वा खेदाउने क्रममा यो वाक्य चामेले भनेको हुनाले यसले रिसलाई पनि दर्शाउँछ। यसरी यस उत्तरगर्भ प्रश्नले कथाको कलात्मकतामा वृद्धि ल्याएको देखिन्छ। यसले चामेको क्रोधलाई उद्घाटित गरेको हुनाले यसलाई कथाका सन्दर्भमा क्रोधसूचक उत्तरगर्भ प्रश्न भन्न सकिन्छ।

ग. 'के गर्नु भाउजु? राँडलाई माइततिर गाडिहालेँ, आफूले नबोकेर कसले बोकिदिन्छ?'

यो प्रश्नवाक्य कथामा चामेले जुठेकी स्वास्नीलाई भनेको हो। यस प्रश्नवाक्यले चामेले गौँथलीलाई कुटेपछि माइत गएकीले उसले पानी ल्याउनुदेखि सबै काम आफै गर्नुपरेको सन्दर्भलाई निर्देश गर्छ। यहाँ चामेले जुठेनीबाट उत्तरको आशा नगरेर वास्तवमा उसले गौँथली उसैका कारणले माइत गएकीले उसले दुःख पाइरहेको जानकरी गराउँछ। अतः यो उत्तरगर्भ प्रश्न हो। कथामा यस प्रश्नद्वारा चामे र जुठेनीमाझ संवाद शृङ्खला बनिँदै जान्छ। यस उत्तरगर्भ प्रश्नमा लुकेका अर्थलाई हेर्दा पछिबाट चामेले प्रयोग गरेको (झ) को हेर! त्यो दिन बिचरी गौँथलीलाई किन कुटे हुँला? भन्ने पश्चतापबोधक उत्तरगर्भ प्रश्नको बीज यसै उत्तरगर्भ प्रश्नमा भेटिन्छ। यस प्रश्नवाक्यमा चामेले गौँथलीलाई कुटेका हुनाले ऊ माइत गएकीले उसले दुःख पाएको र पश्चताप गरेको अर्थ लुकेको छ। त्यसैले यसलाई चामेको पश्चतापसूचक उत्तरगर्भ प्रश्न भन्न सकिन्छ।

घ. 'कुट्न थालेपछि आँखा नदेख्ने, विचरी नभागेर के गरोस्?'

प्रस्तुत प्रश्नवाक्य 'परालको आगो' कथामा जुठेकी स्वास्नीले चामेलाई भनेकी हो। यस प्रश्नवाक्यमा चामेले सोच–विचार नगरी कुटेकाले गौँथली माइत गएकी हो र त्यसरी सोच विचार नगरी, दया माया नराखी कुट्दा गौँथलीको माइत जानु बाहेक अरू उपाय थिएन भन्ने उत्तरलाई जुठेकी स्वास्नीका माध्यमबाट प्रस्तुत गरिएको छ। यसरी यो चामेलाई सोधिएको प्रश्नजस्तै देखिए तापनि यहाँ गौँथलीले भोग्नुपरेको परिस्थितिका माध्यमबाट पुरुषप्रधान समाजमा नारीको विवशतालाई देखाइएको छ। यसरी यो एउटा प्रश्नजस्तै देखिए तापनि यहाँ उत्तरको अपेक्षा नगरिएकाले र यसैभित्र पुरुषप्रधान समाजको शोषण, विवशताजस्ता व्यापक अर्थरूपी उत्तरलाई अन्तरविन्यस्त गरिएकाले यो एउटा व्यापक अर्थबोध गराउने उत्तरगर्भ प्रश्न हो। कथाभित्र यसले एकातिर चामेको चरित्रलाई उद्घाटित गरेको छ भने अर्कातिर यसले गौँथलीको विवशतालाई पनि उद्घाटित गरेको पाइन्छ। कथाभित्र यसले चामेद्वारा त्यसरी गौँथलीलाई कुट्नु नहुन्थ्यो भन्ने सुझाउ दिएकाले यसलाई कथाभित्रको घटनाका सन्दर्भमा सुझाउपरक उत्तरगर्भ प्रश्न भन्न सकिन्छ।

ङ. 'आफ्ना मुखले, छुराजस्तो मुख छ, अनि नकुटेर के गर्नु?'

'परालको आगो' कथामा गौँथली मुखाले भएकीले उसलाई कुट्नु परेको हो भन्ने उत्तर जुठेकी स्वास्नीलाई चामेले दिँदा प्रस्तुत वाक्य प्रयोग गरिएको हो। यसरी यहाँ चामेले जुठेनीलाई प्रश्न सोधे झैँ गरे तापनि जुठेनीबाट उत्तरको अपेक्षा नराखी 'गौँथली मुखाले भएकीले उसले गौँथलीलाई कुटेको हो'

भन्ने उत्तरलाई अन्तर्विन्यस्त गरिएको छ। अतः यो पनि एउटा उत्तरगर्भ प्रश्न हो। यो उत्तरगर्भ प्रश्न चामे र जुठेनीमाझ संवादको एउटा माध्यम पनि हो। कथामा अघिदेखि भइरहेको चामे र जुठेनीमाझको संवादलाई अघि बढाउन यो उत्तरगर्भ प्रश्नले सघाएको छ। प्रस्तुत उत्तरगर्भ प्रश्नद्वारा चामेले गौँथलीलाई कुट्नुपरेको कारणको स्पष्टीकरण दिइएको छ। अतः कार्यकारण शृङ्खला मिलाउँदै 'परालको आगो' कथाको कथानक विकास गराउने एउटा महत्त्वपूर्ण शैलीय उपकरणका रूपमा पनि उत्तरगर्भ प्रश्नलाई यस कथामा हेर्न सकिन्छ।

च. 'चूप लाग, पोर दसैंमा जुठे दाइले एकचोटि तिमीलाई कसरी कुटेथे, खोइ त एक वचन फर्कायौ?'

प्रस्तुत उक्ति चामेले जुठेकी स्वास्नीलाई भनेको हो। इतिवृत्तसमयको वर्तमानकालिक परिप्रेक्ष्यभन्दा एक वर्षअघिको अतीतसम्म जुठेले जुठेनीलाई निकै मजाले कुटेको तर पनि जुठेनीले मुख नचलाएकी अथवा चुपचाप सहेर बसेको सूचना यस वाक्यबाट पाइन्छ। यसरी यहाँ प्रश्न सोधिएको जस्तो लागे तापनि चाममे आफैले उत्तरका रूपमा जुठेनीको चरित्र, जुठे र जुठेनीको दाम्पत्य जीवनबारे जनाएको छ त्यसैले 'परालको आगो' कथामा प्रयुक्त यो एउटा उत्तरगर्भ प्रश्न हो। यस प्रश्नले इतिवृत्तसमयको वर्तमान कालमा एक वर्षअघिको अतीत समयलाई सम्पुटित गरेको छ। यसरी यस प्रश्नका माध्यमद्वारा कथा प्रवाहको वर्तमान समयमा अतीत समयलाई उपस्थित गराएर 'परालको आगो' कथामा घटनाको तारतम्य मिलाउँदै कौतुहलको नियोजन र निर्वाह गरिएको छ। जुठे र जुठेनीको झगडा भएको घटना कथामा पूर्वप्रसङ्ग हो। यस पूर्वप्रसङ्गको उद्घाटन यस उत्तरगर्भ प्रश्नले गरेको छ। अतः यो जुठे र जुठेनीको झगडा भएको प्रसङ्गलाई र जुठेनीको स्वभावलाई पाठकसम्म पुऱ्याउने एउटा महत्त्वपूर्ण शैलीय उपकरणका रूपमा देखापर्दछ। यो उत्तरगर्भ प्रश्न कथामा समय तत्त्वको प्रबन्धन र घटनाको तारतम्य मिलाउने महत्त्वपूर्ण शैलीय उपकरण सिद्ध भएको छ।

छ. 'हो त नि, के कुटेर मुखाले भएकी भन्छयौ त?'

'परालको आगो' कथाभित्र चामे र जुठेनीमाझ गौँथलीबारे संवाद भइरहेको बेला यो माथिको वाक्य चामेले जुठेकी स्वास्नीलाई भनेको हो। कथाको सन्दर्भलाई हेर्दा कुटेर कोही पनि मुखाले हुँदैन, गौँथली पनि कुटेर मुखाले भएकी होइन, यदि यस्तो हो भने जुठेले पनि उसकी स्वास्नीलाई कुट्छ तर पनि ऊ मुखाले भएकी छैन भन्ने तार्किक उत्तर कथामा चामे पात्रद्वारा प्रस्तुत गरिएको छ। यसरी माथि

प्रश्न सोधिएको जस्तो गरे तापनि यसैभित्र तर्कपूर्ण उत्तरलाई अन्तर्विन्यस्त गरिएको छ, त्यसैले यो एउटा उत्तरगर्भ प्रश्न हो। यस प्रश्नद्वारा कथाभित्र चामेले आफ्नो बचाउ तार्किक रूपले गरिरहेको छ। यस उत्तरगर्भ प्रश्नमा विस्मयको भाव पनि छ। यो उत्तरगर्भ प्रश्न कथामा जुठेनीले भनेको 'मुखाले भएको अलिकति कुटेरै पनि हो ब्यारे'[४] भन्ने कथनको विरोधमा जुठेले उसकी स्वास्नीलाई कुट्दा पनि जुठेनीले कहिले मुख नचलाएको तथ्यलाई तर्कस्वरूप राख्दै प्रयोग गरिएको छ। यस प्रश्नमा जुठेनीको 'गौँथली कुटाइका कारण मुखाले भएकी हो' भन्ने भाव प्रस्तुत गरिएको छ। यसरी यस उत्तरगर्भ प्रश्नले विपरीत अर्थतर्फ सङ्केत गरेको छ।

ज. 'कति दिन पानी पँधेरो गरेर बस्ने?'

प्रस्तुत प्रश्न कथामा जुठेनीलाई सल्लाह दिने क्रममा प्रयोग गरिएको उत्तरगर्भ प्रश्न हो। यसद्वारा जुठेनीले चामेलाई छिट्टै गएर गौँथलीलाई लिएर आउनु भन्ने सल्लाह दिएकी छ।

यस प्रश्नले कथामा पछि हुने चामे र गौँथलीको मिलनको पूर्वसङ्केत दिएको छ। वास्तवमा 'परालको आगो' कथामा 'लोग्ने स्वास्नीको झगडा परालको आगो जस्तै हो' भन्ने कथ्य प्रतिपादन गराउन जुठेनीद्वारा प्रयुक्त यस प्रश्नले ठुलो सघाउ पुऱ्याएको छ। 'कति दिन?' भन्ने प्रश्नद्वारा 'गौँथलीलाई लिएर आऊ' भन्ने अर्थ बुझाउने प्रयास गरिएको उत्तरगर्भ प्रश्न हो यो जसले कथामा अर्थ गाम्भीर्य ल्याएको छ।

झ. 'हरे! त्यो दिन बिचरी गौँथलीलाई किन कुटें हुला?'

'परालको आगो' कथामा चामेले आत्मचिन्तन गर्ने क्रममा यस उत्तरगर्भ प्रश्नको प्रयोग गरेको हो। चामेले यस वाक्यको प्रयोगद्वारा आफैलाई प्रश्न सोधे जस्तो गरे तापनि यहाँ उत्तरको अपेक्षा नराखी उसको 'मैले गौँथलीलाई कुट्नु नहुने' भन्ने पश्चतापबोधक भावलाई अभिव्यञ्जित गराएको छ। यो चामेले पश्चताप गर्दै गरेको स्थितिलाई बोध गराउने पश्चतापसूचक उत्तरगर्भ प्रश्न हो। यस प्रयोगले चामेको आन्तरिक व्यक्तित्वलाई उद्घाटन गर्ने काम गरेको छ। पात्रको आन्तरिक व्यक्तित्व वा मनोवैज्ञानिक अस्तित्वलाई परिभाषित गर्ने तत्त्वलाई घनश्याम नेपालले 'चित्तवृत्ति' भनेका छन्।[५] अतः माथिको

४. सूर्यविक्रम ज्ञवाली (सम्पा), सन् २०००, **कथा–कुसुम**, अठारौँ संस्करण, दार्जिलिङ, नेपाली साहित्य सम्मेलन, पृ ५०

५. घनश्याम नेपाल, सन् २००५, **आख्यानका कुरा**, दोस्रो संस्करण, सिलगडी, एकता बुक हाउस, प्रा लि, पृ ९४

उत्तरगर्भ प्रश्नले चामेको चित्तवृत्तिलाई उद्घाटित गरेको छ भन्न सकिन्छ। यसरी यो प्रश्न चामेको आन्तरिक व्यक्तित्व वा चित्तवृत्तिलाई पाठकसम्म पुऱ्याउने एउटा महत्त्वपूर्ण शैलीय उपकरण बनेको छ जसद्वारा 'परालको आगो' कथामा कलात्मकताको वृद्धि भएको छ।

ञ. 'डोको नाम्लो लिएर कता नि?'

'परालको आगो' कथामा चामेले गौँथलीलाई सोधेको प्रश्न हो। उत्तरको अपेक्षै नराखी चामेद्वारा गरिएको यो प्रश्न सोधेको तत्कालै पछि 'हिँड्, घर जाऊँ' भनेको देखिन्छ। वास्तवमा कथाभित्र चामेले 'डोको नाम्लो लिएर कता नि' भन्ने आलङ्कारिक प्रश्नका माध्यमद्वारा गौँथलीलाई घर फर्किने आग्रह गरेको देखिन्छ। यसरी यो प्रश्नभित्रै एउटा विशेष अर्थ लुकेको उत्तरगर्भ प्रश्न हो। यसद्वारा कथाभित्र चामे र गौँथलीमाझ झगडा भइसकेपछि (ती दुईजनाको गौँथलीका घरमा भेट हुँदा) ती दुईजनामाझ संवाद शृङ्खला बनाएको छ।

ट. 'भैँसीलाई घाँस कसले काटिदिन्छ र जोगिनी हुन्छेस्?'

यो कथामा चामेले प्रयोग गरेको एउटा उत्तरगर्भ प्रश्न हो। गौँथलीले घर नगएर बरु जोगिनी हुन्छु भन्दा चामेले 'घरमा भैँसीलाई घाँस काट्ने मान्छे तैँ हो, तँ जोगिनी भएपछि घाँस काट्ने मान्छे हुँदैन' भन्ने भाव व्यक्त गर्ने क्रममा यस प्रश्नको प्रयोग गरेको हो। घर गृहस्थी गरेर खानुपर्छ भन्ने भावलाई यस उत्तरगर्भ प्रश्नले विशेष प्रभावकारी ढङ्गमा व्यक्त गरेको छ।

४. विश्लेषणको निचोड

'परालको आगो' कथामा प्रयुक्त थुप्रै शैलीय उपकरणहरूमध्ये उत्तरगर्भ प्रश्नको प्रयोग विशेष महत्त्वको देखापर्दछ। उत्तरगर्भ प्रश्न त्यस्ता प्रश्न हुन् जसले उत्तरको आशा नगरी कुनै कथन वा भनाइलाई जोड दिएर प्रभावपरक ढङ्गमा सम्प्रेषण गर्ने लक्ष्य लिएको हुन्छ। 'परालको आगो' कथामा उत्तरगर्भ प्रश्नले विशेष कलात्मक प्रभाव उत्पन्न गरेको देखिन्छ। यस कथामा जम्मा एघारवटा उत्तरगर्भ प्रश्नको प्रयोग गरिएको छ। ती उत्तरगर्भ प्रश्नको चर्चा गर्ने क्रममा यहाँ के थाहा पाइयो भने कथाभित्र तिनले विविध सन्दर्भलाई सङ्केत गर्दारहेछन्। 'परालको आगो' कथाभित्र एघारवटा उत्तरगर्भ प्रश्नलाई केलाउँदा ती कथाको कथानक विकाससँग घनिष्ठ रूपले जोडिएको देखियो। कथामा विशेष गरेर जुठेकी स्वास्नी अनि चामे र गौँथलीमाझ संवाद गराउने क्रममा यी उत्तरगर्भ प्रश्नहरूको प्रयोग गरिएको (यस

लेखमा उल्लेखित क, ख र झ प्रश्नलाई छोडेर) देखिन्छ। अतः 'परालको आगो' कथामा प्रयुक्त धेरैजसो उत्तरगर्भ प्रश्नहरू शृङ्खला बसाउने क्रममा प्रयोग गरिएको देखिन्छ। त्यसैले घनश्याम नेपालले उल्लेख गरेका भोलानाथ तिवारीको 'प्रश्नको प्रयोगद्वारा पाठमा संवादको शृङ्खला बसाइएको पाइन्छ'[६] भन्ने कथन प्रस्तुत कथामा विचारणीय देखिन्छ। यस कथामा प्रयोग गरिएको कति उत्तरगर्भ प्रश्नलाई हेर्दा तिनले कथामा कार्य–कारण शृङ्खला मिलाउन पनि सहयोग गरेको देखिन्छ, जस्तै – 'कुट्न थालेपछि आँखा नदेख्ने, बिचरी नभागेर के गरोस्?' उत्तरगर्भ प्रश्नमा गौँथली माइत भागेकी घटना कार्य हो भने चामेले उसलाई कुट्नु चाहिँ कारण हो। अतः कथानक विकासका क्रममा चामेले कुटेका कारण गौँथली माइत गएकी हो भन्ने कार्य–कारणबद्ध घटना शृङ्खला मिलाउन उत्तरगर्भ प्रश्नरूपी शैलीय उपकरणको प्रयोग गरिएको छ। 'परालको आगो' कथाभित्रका उत्तरगर्भ प्रश्नलाई हेर्दा तिनले कथाको कलात्मक उत्कर्षमा विशेष सघाउ पुऱ्याएको देखिन्छ। कुनै विचार वा कथ्यलाई सामान्य रूपमा भन्दा जुन प्रभाव उत्पन्न हुन्छ त्यसैलाई उत्तरगर्भ प्रश्नद्वारा भन्दा त्यो धेर प्रभावकारी लाग्ने हुन्छ, जस्तै – 'हे नानी हो! यहाँ केही भएको छैन, ल सबैजना घर जाऊ' भन्दा जुन प्रभाव उत्पन्न हुन्छ, त्यो सामान्य छ। यो कथन कथाको कलात्मक उत्कर्षमा महत्त्वपूर्ण छैन। तर यसैलाई 'मोरा हो, यहाँ केको रमिता छ र हेर्न आएका?' भन्दा यसैले पाठकमा विशेष प्रभाव उत्पन्न गर्दछ। पछिल्लो कथन पाठकलाई धेर आकर्षित गराउने किसिमको छ। उत्तरगर्भ प्रश्नहरूले विशेष विशेष अर्थहरूलाई पनि बोकेको पाइन्छ जुन यहाँ एक एकवटा उत्तरगर्भ प्रश्नको विश्लेषण गर्ने क्रममा उल्लेख गरिसकिएको छ।

५. निष्कर्ष

यसरी 'परालको आगो' कथाभित्र उत्तरगर्भ प्रश्नलाई हेर्दा तिनले अर्थमा गम्भीरता ल्याउँदै कथाको कलात्मक उत्कर्षमा विशेष सघाउ पुऱ्याएको देखिन्छ। कथामा व्यङ्ग्य र तर्क गर्ने क्रममा पनि यी उत्तरगर्भ प्रश्नको प्रयोग गरिएको पाइन्छ। कथामा सुझाउ र स्पष्टीकरण दिने क्रममा पनि उत्तरगर्भ प्रश्नको प्रयोग गरिएको छ। कथ्यलाई विशेष प्रभावकारी ढङ्गले सम्प्रेषण गराउने क्रममा यस कथामा उत्तरगर्भ प्रश्नले ठुलो सघाउ पुऱ्याएको छ। यसका साथै कथामा संवाद शृङ्खला र घटनाको तारतम्य मिलाउन पनि उत्तरगर्भ प्रश्नले ठुलो सघाउ पुऱ्याएको छ। अतः 'परालको आगो' कथामा प्रयुक्त जम्मै उत्तरगर्भ प्रश्नहरूले अर्थमा गम्भीरता ल्याउँदै कथाको कलात्मक उत्कर्षमा सहायता प्रदान गरेको स्पष्ट हुन्छ। त्यसैले यस कथामा प्रयोग गरिएका उत्तरगर्भ प्रश्नहरू प्रयोजनपरक शैलीय उपकरण हुन्।